# प्राक्कथन

उपन्यास मानव जीवनको यथार्थ र साङ्गोपाङ्ग चित्रण र गद्यमय आख्यान हो। जीवनको बृहत् चित्रण, कलात्मक सौन्दर्य रोचकता र सत्याभासको समन्वयताले साहित्यमा यस विधाले सर्वाधिक लोकप्रियता आर्जन गरेको छ। यो जीवन-जगत्प्रतिको विहङ्गम दृष्टि तथा समसामयिक समस्या र त्यसबारेको चिन्तनदृष्टि हो। वर्तमानमा उपन्यास विधाले विविध गल्छेडाहरू पार गर्दै र विविध परिवेशसँग समायोजित हुँदै आधुनिकतालाई वरण गरेको छ र यसक्रममा उपन्यासले साहित्यमा प्रचलित विभिन्न वादात्मक प्रवृत्तिलाई समेत समेटेर हिँडेको छ। यसमध्ये यथार्थवादी प्रवृत्ति एक प्रमुख प्रवृत्ति हो। जीवन जे जस्तो छ त्यसै रूपमा चित्रण गर्नु वा वस्तुजगत्को प्रतिबिम्ब उतार्नु नै यथार्थवादी उपन्यासको मूल प्रवृत्ति हो।

विश्व साहित्य वा कतिपय छिमेकी साहित्यमा यथार्थवादी प्रवृत्तिको आधारमा उपन्यासको अध्ययन विश्लेषण गर्ने परम्परा निकै प्रौढ भइसकेको छ। नेपाली साहित्यमा पनि ऐतिहासिक परम्परा, विकासक्रम र स्वरूपलाई सम्पूर्ण तथा समेटेर वाद एवं सिद्धान्तका आधारमा उपन्यासको विश्लेषण गर्ने परम्परा र परिपाटी रहेको छ। तर नेपाली उपन्यास साहित्यलाई लिएर भारतीय तथा अन्य भाषा साहित्यको उपन्यास विधासँग तुलना गरेर विवेचना गर्ने कार्य पर्याप्त भइसकेको छैन। यसैले अन्य विकसित उपन्यास साहित्यसँग नेपाली उपन्यासको तुलनात्मक अध्ययन गर्न अत्यन्त आवश्यक र वाञ्छनीय छ।

तुलना जीवनको एउटा बौद्धिक प्रक्रिया हो। तुलनात्मक अनुसन्धानले सामाजिक चेतनाको निरूपणका अतिरिक्त विभिन्न भाषा साहित्यका कृतिहरू एवं स्थितिहरूको तुलनात्मक विवेचना प्रस्तुत गरी मानव जातिको मन-मस्तिष्कमा परिलक्षित भाव साम्यको उद्घाटन गरेर विश्वमानव एकताको निरूपण र विश्लेषण प्रस्तुत गर्दछ। कुनै पनि विषयको एकांकी अध्ययनभन्दा तुलनात्मक अध्ययन गर्दा ज्ञानको अनन्त वृद्धि हुँदछ। विभिन्न साहित्यका भाषागत विशेषता र विलक्षणताहरूबाट साहित्यिक एकरूपता एवं विषमताको निरूपण र हिन्दी यथार्थवादी उपन्यासको तुलनात्मक अध्ययनबारे विज्ञानसम्मत एवं प्राज्ञिक आधारमा तुलनात्मक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु पर्ने अनिवार्यता देखापरेकोले सोही विषयको सूक्ष्म निरीक्षणतर्फ यो शोध-प्रबन्ध अग्रसर र उन्मुख रहेको छ। यसले नेपाली र हिन्दी यथार्थवादी उपन्याससम्बन्धी तथ्यहरूको खोज, सङ्कलन र संयोजन गरी दुवैमा पाइने एकरूपता र बहुरूपताको तुलनात्मक विश्लेपण गर्ने प्रयास गरेको छ।

यथार्थवादी अवधारणालाई आत्मसात गरेर लेखिएको उपन्यासहरूको संख्या नेपालीमा भन्दा हिन्दीमा अधिक छ यद्यपि हिन्दी उपन्यासमा झैँ नेपालीमा पनि यथार्थवादी प्रवृत्तिको

बलियो बागडोर भने स्थापित भइसकेको छ।

प्रस्तुत शोधकार्यको निम्ति **नेपाली र हिन्दीका यथार्थवादी उपन्यासहरूको तुलनात्मक अध्ययन** विषय छनौट भइ सकेपछि असाधारण व्यस्तता समेतलाई पन्छाएर यसको आधार तयार पार्न र समुचित निर्देशन, परामर्श तथा विषय वोधन र गद्याख्यान सम्बन्धमा निगूढ आशयोद्घाटन गरिदिनुहुने शोध निर्देशक श्रद्धेय गुरुवर डा. मोहन पी. दाहाल, प्रोफेसर, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालयप्रति हार्दिक आभार प्रकट गर्नु म आफ्नो पुनीत कर्त्तव्य सम्झन्छु। यो शोधप्रबन्ध उहाँकै बौद्धिक र प्राज्ञिक निर्देशनको परिणाम हो।

यसै क्रममा समयको मूल्यबारे अवगत गराउँदै मेरो मरिसकेको जाँगरमा दोब्बर हौसला, उत्साह दिनुहुने तथा अस्वस्थ अवस्थामा पनि विरक्त नमानी अनुभवी सुझाउ र मार्ग निर्देश दिनुहुने मेरा पूज्य गुरुवर डा. जस योञ्जन (प्राचार्य, बिजनबारी डिग्री कलेज) र उहाँको परिवारप्रति म चिरऋणी छु। मलाई सदा प्रेरणा र उचित परामर्श दिनुहुने उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागका श्रद्धेय गुरुजन डा. भीमकान्त उपाध्याय, डा. घनश्याम नेपाल, प्रा. शान्तिराज शर्मा, प्रा. नरेशचन्द्र खाती र प्रा. कृष्णराज घतानीप्रति म आन्तरिक सद्भावना अभिव्यक्त गर्दछु।

शोधकार्यको सिलसिलामा काठमाडौं जाँदा त्यहाँ आवश्यक पुस्तकहरू एवं प्रयोजनीय सामग्रीको सङ्कलन गर्नु पर्ने जस्ता जटिल स्थितिको सामना गर्नु परेको क्षणमा सामग्री बटुल्न मलाई यथाशक्य सहयोग पुऱ्याउनु हुने प्रा. केशव सुवेदी, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौंप्रति म अपरिमेय आभार प्रकट गर्दछु।

यसरी नै तथ्याङ्क पद्धतिद्वारा तुलनात्मक विश्लेषणलाई लेखाचित्रको ढाँचामा प्रस्तुत गर्न विशेष सहायता गरिदिएर सहकर्मी श्री निसित बराल, वाणिज्य विभाग, कालेबुङ कलेजले तिरी नसक्नु गुण लाएका छन्, उहाँप्रति म हृदयबाटै कृतज्ञता ज्ञापन गर्दछु।

सामग्री सङ्कलन गर्न बनारस पुग्दा मलाई दुर्गाकुण्डको आफ्नै डेरामा खाने, बस्ने प्रबन्ध मिलाएर सहयोग पुऱ्याउनु हुने मित्र डा. सञ्जय राई, प्राध्यापक, बनारस हिन्दु विश्वविद्यालयप्रति म आभार व्यक्त गर्दछु। प्रस्तुत शोधप्रबन्धको निम्ति मित्र डा. आनन्द छेत्री, प्राध्यापक, मिरिक कलेजले अमूल्य समय खर्चेर प्रयोजनीय सामग्रीहरूको जोगाड गरिदिनुभइ मलाई आभारी तुल्याइदिनु भएको छ।

यसका अतिरिक्त, यो शोधकार्य पूर्ण गर्न मैले त्रिभुवन विश्वविद्यालय केन्द्रीय लाइब्रेरीका पुस्तकालय अधिकारी श्री मदनमणि भण्डारी, वीणा पाण्डे तथा मदन पुस्तकालय, पाटन ढोकाका पुस्तकालय अध्यक्ष श्री कमलमणि दीक्षितबाट प्रशस्त सहयोग लिएकी छु। नेपाल-भारत सांस्कृतिक संघ, काठमाडौंका पुस्तकालय अधिकारीले मलाई हिन्दीका सामग्री

सङ्कलन हेतु निस्वार्थ र उदार हृदयले सघाउनु भएको छ। उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालयका दाई बिजय छेत्रीले पुस्तकहरूका सङ्कलन कार्यमा प्रस्तत सहयोग गर्नु भएको छ। उहाँहरू सबैलाई म आभार व्यक्त गर्दछु।

शोधकार्यावधिमा महिला शोधावासका मेरा मित्र-मण्डलीहरूको हितचिन्तना र आत्मीयताबाट प्रशस्त पार्श्व-प्रेरणा पाएकी हुनाले यो काम अघि बढ्न सकेको कुरा स्वीकार्दछु। यस क्रममा मिताली मजुमदार, जयिता बेनार्जी, सुषमा तामाङ र डा. सन्ध्या बस्नेतलाई धन्यवाद टक्र्याउँदछु।

यस शोधकार्यलाई द्रुतगामी तुल्याउनमा प्रेरणा, प्रोत्साहन र स्नेह दिनुहुने श्रद्धेया गुरुमा प्रतिमा दाहाल र रूपमित योञ्जनप्रति हृदयबाटै आभारी छु। समय समयमा मलाई शोधकार्यमा उत्साहित गर्नुहुने डा. राजेन्द्र ढकाल, प्राचार्य, कालेबुङ कलेजप्रति पनि म कृतज्ञ छु। डा. सन्ध्या थापा, प्राध्यापिका, सिक्किम सरकारी कलेज, गान्तोकप्रति म अन्तः करणबाटै अनुगृहीत छु। उहाँले मलाई न्यानो ममतासहित सिलगढी स्थित घरको साँचो सुम्पेर ठूलो सहयोग र सुविधा प्रदान गर्नु भएको छ।

यसै गरी मलाई प्रत्यक्ष-परोक्षरूपले सहयोग दिनुहुने सहकर्मी स्व. डी.के. प्रधान, डा. दिवाकर प्रधान, प्रा. संजय विष्ट, प्रा. श्रीमती सुधा गुरुङ, डा. शोभा लिम्बु, प्रा. पुष्कर पराजुली, प्रा. राजकुमार छेत्री, नवीन पौड्याल, गितिका तामाङ, चन्दा छेत्री, दिदी-भेनाज्यू शशिकला र बलभद्र शर्मा, बहिनी-ज्वाइँ शान्ति र बुद्ध तामाङ तथा जयन्ती र डा. सन्तोष छेत्रीप्रति असीम कृतज्ञता प्रकट गर्दछु। यस शोधप्रबन्धको तयारीमा अनेकौं हितचिन्तक मित्र, बन्धु, हितैषी तथा महानुभवहरूले मलाई निस्वार्थ सहयोग र निरन्तर प्रोत्साहन दिएका छन् र उहाँहरूको सबैप्रतिको आभारबाट म कहिल्यै मुक्त हुन चाहन्न। कम्प्यूटर टङ्कनकार्यमा धीर रही कार्य-सम्पन्न गरिदिनु हुने श्री शंकर छेत्रीलाई विशेष धन्यवाद दिंदछु।

अन्ततः जन्माई, हुर्काई, बढाई, पढ़ाई यस अवस्थामा पुऱ्याउँदामा आफूलाई भन्दा बढ़ी मलाई तन-मन-धन र आशिषले सम्पन्न गरिदिनुहुने मेरा परमपूज्य आपा र आमालाई अनिर्वचनीय आभार प्रकट गर्दछु।

शोधार्थी

ममता लामा

**(ममता लामा)**